O/C

नेपाल सरकार
शहरी विकास मन्त्रालय
# काठमाडौं उपत्यका विकास प्राधिकरण
अनामनगर, काठमाडौं
(काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ द्वारा स्थापित)
फोन नं. : ०१-४४७०६६१
Email: info@kvda.gov.np

पत्र संख्या : ०८०/८१
चलानी नं.: ४०

मिति : २०८०/०४/०२

श्री जिल्ला आयुक्तको कार्यालय
काठमाडौं/ललितपुर/भक्तपुर ।

**विषय : सम्पत्ति विवरण भरी/भराई अनलाईन प्रविष्ट समेत गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा शहरी विकास मन्त्रालय आन्तरिक व्यवस्थापन शाखाको प.सं. ०७९/८०-९१२, च.नं. ३०७८, मिति २०८०/०३/३१ को पत्र साथ राष्ट्रिय सतर्कता केन्द्र (सम्पत्ति विवरण तथा अनुगमन शाखा)को प.सं. ०७९/८०, च.नं. ११०००००४८, मिति २०८०/०३/२७ को पत्र साथ संलग्न कागजातको छायाँप्रति पाना-४ (चार) आवश्यक कार्यार्थ यसै साथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

शुभाष चन्द्र अर्याल
प्रशासकीय अधिकृत

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

(आन्तरिक व्यवस्थापन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- ०७९/८०- ६१२
चलानी नं.:- ३०६८

मितिः- २०८०।०३।३१

काठमाडौं उपत्यका विकास प्राधिकरण
अनामनगर, काठमाडौं
२०६९
दर्ता नं. ९८
मिति: २०८०/०४/०२

श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, काठमाडौं।
श्री काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौं।
श्री अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति, गुहेश्वरी फाँट, काठमाडौं।
श्री राष्ट्रिय आवास कम्पनी लिमिटेड, वुद्धनगर, काठमाडौं।
श्री अन्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समिति, बानेश्वर, काठमाडौं।
श्री नगर विकास कोष, बानेश्वर, काठमाडौं।
श्री संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, सानोगौचरण, काठमाडौं।
श्री राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र, बबरमहल, काठमाडौं।

विषय:- सम्पत्ति विवरण भरी/भराई अनलाईन प्रविष्ट समेत गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय सतर्कता केन्द्र (सम्पत्ति विवरण तथा अनुगमन शाखा) को प.सं. ०७९।८० च.नं. ११०००००४८ मिति २०८०।०३।२७ को पत्रसाथ संलग्न कागजातको छायाँप्रति पाना-३ (तीन) आवश्यक कार्यार्थ यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(जीवनराज सेढाईं)
उप-सचिव

बोधार्थ:-
श्री राष्ट्रिय सतर्कता केन्द्र,
(सम्पत्ति विवरण तथा अनुगमन शाखा),
सिंहदरबार, काठमाडौं।

श्री प्रशासन
४।२

२०८०।४।२

फोन नं.: ४२११८८३, ४२११६७३ , फ्याक्स: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेल: info@moud.gov.np, वेबसाइट: www.moud.gov.np

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. :४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेवपेज : www.nvc.gov.np

गोप्य / अत्यन्त जरुरी

प.सं. : २०७९/०८०
च.नं. १ १ ० ० ० ० ० ० ४ ८

मिति :- २०८०।०३।२७

विषयः- सम्पत्ति विवरण भरी/भराई अनलाईन प्रविष्ट समेत गर्ने सम्बन्धमा ।

श्री सहरी विकास मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पदधारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ" भन्ने कानुनी व्यवस्था छ । साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (ग) मा "सार्वजनिक पदधारण गरेका व्यक्तिले प्रचलित कानुन बमोजिम दिईएको सम्पत्ति बिवरण र आयको अनुगमन गर्ने" कार्य राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ । प्रस्तुत व्यवस्थाहरू अनुरूप केन्द्रबाट हरेक आ.व. मा सार्वजनिक पदधारण गरेका व्यक्तिले सम्पत्ति विवरण पेश गरे नगरेको विषयमा तथ्याङ्क संकलन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) एवं राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ९ र १० बमोजिम कारवाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइने गरिएको छ ।

प्रस्तुत विषयमा अघिल्ला आर्थिक वर्षहरूमा झै चालु आ.ब.मा समेत तहाँ मन्त्रालय, अन्तर्गतका कार्यालय एवं सार्वजनिक संस्थानहरूमा कार्यरत पदाधिकारी/कर्मचारी (निजामती र स्थायी शिक्षक वाहेक) ले प्रचलित कानुन बमोजिम सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्न केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरलाई थप अद्यावधिक गरिएको छ। सार्वजनिक पदधारण गरेको/गर्ने पदाधिकारी/कर्मचारीले वुझाएका/वुझाउनुपर्ने देहाय अनुसारका तीन प्रकारका सम्पत्ति विवरणहरु सम्वन्धित व्यक्तिवाट भराई सो सम्वन्धी तथ्याङ्क अनिवार्य रुपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको सम्वन्धित महल (हरेक आ.व.मा वुझाउनु पर्ने सम्पत्ति विवरण, नयाँ नियुक्ती पश्चात वुझाउनुपर्ने सम्पत्ति विवरण र जरिमाना तिरी पेश गर्नुपर्ने सम्पत्ति विवरण गरी तीन प्रकारको महलको व्यवस्था सफ्टवेयरमा गरिएको) मा गई प्रविष्ट गर्ने/गराउने व्यवस्था हुन अनुरोध छ ।

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. :४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेवपेज : www.nvc.gov.np

**गोप्य अत्यन्त जरुरी**

प.सं. : २०७९/०८० मिति :- २०८०।०३।२७

च.नं. १ १ ० ० ० ० ० ० ४ ८

(क) हरेक आ.व.सुरू भएको ६० दिनभित्र पेश गर्ने सम्पत्ति विवरण,
(ख) नयाँ नियुक्ति भएको ६० दिनभित्र पेश गर्ने सम्पत्ति विवरण र
(ग) सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट ५ हजार जरिमानाको लागि लेखी आएपछि जरिमाना तिरी पेश हुने सम्पत्ति विवरण।

माथि उल्लिखित सम्पत्ति विवरणहरू तहाँ मन्त्रालय, अन्तर्गतका निकायहरू एवं सार्वजनिक संस्थानहरूमा कार्यरत निजामती र स्थायी शिक्षक बाहेकका पदाधिकारी/कर्मचारीहरूले पेश गरे नगरेको तथ्याङ्क केन्द्रलाई उपलव्ध गराउन वेवपेज **www.nvc.gov.np** मा गई गत आ.व.कै विधि र प्रक्रिया एवं युजर नेम र पासवर्ड प्रयोग गरी केन्द्रको अनलाइन सफ्टवेयर (तहाँ मन्त्रालयले नै आफ्नो, आफू अन्तर्गतका निकायहरू एवं सार्वजनिक संस्थानहरूका पदाधिकारी/कर्मचारीहरूले माथि उल्लिखित सम्पत्ति विवरण बुझाए/नवुझाएको तथ्याङ्क अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्ने, अन्तर्गतका निकायलाई यो पत्र नपठाउने) मा प्रविष्ट गर्ने/गराउने व्यवस्था हुन अनुरोध छ ।

साथै, उल्लिखित प्रयोजनका लागि तहाँ मन्त्रालय/निकायबाट एक जना सम्पर्क अधिकृतको नाम, पद, कार्यालयको नम्बर र अधिकृतको मोबाइल नम्बर समेत उपलब्ध गराई दिने व्यवस्था हुन अनुरोध छ । साथै, तहाँ मन्त्रालय, अन्तर्गतका निकायहरू एवं सार्वजनिक संस्थानहरूमा कार्यरत सम्बन्धित पदाधिकारी तथा कर्मचारी (निजामती र स्थायी शिक्षक बाहेक) ले माथि उल्लिखित सम्पत्ति विवरण बुझाए नबुझाएको सम्बन्धी तथ्याङ्क मिति २०८०।०५।२८ गते पछिको २ (दुई) महिनाभित्र देहाय अनुसारको ढाँचामा यस केन्द्रमा उपलब्ध गराउने समेत व्यवस्था हुन निर्देशानुसार अनुरोध छ।

<u>निम्न</u> :-

तालिका-१ :

| क्र. सं. | मन्त्रालय, अन्तर्गतका निकाय एवं सार्वजनिक संस्थानहरूको नाम | आ.व.२०७९/८० को सम्पत्ति विवरण | | सुरू नियुक्तिको ६० दिनभित्र पेश भएको सम्पत्ति विवरण | | ५ हजार जरिमाना तिरी पेश भएको सम्पत्ति विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या |
| १ | | | | | | | |
| २ | | | | | | | |

सम्पत्ति विवरण समय मै बुझाऔं दण्ड जरिवानाबाट बचौं ।

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. :४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेबपेज : www.nvc.gov.np

गोप्य अत्यन्त जरुरी

प.सं. : २०७९/०८०

मिति :- २०८०।०३।२७

च.नं. | १ | १ | ० | ० | ० | ० | ० | ० | ४ | ८ |

- क.सं.१ मा तहाँ मन्त्रालय र अन्य क.सं.हरूमा क्रमश आफू अन्तर्गतका कार्यालयहरू एवं सार्वजनिक संस्थानहरूको नाम राखी तहाँ मन्त्रालय स्वयंले तालिकामा उल्लिखित विवरण भर्ने।

..........................................................................................................

तालिका-२ :

तालिका १ मा उल्लिखित सङ्ख्यावमोजिम सम्पत्ति विवरण नबुझाउने कर्मचारी/पदाधिकारीको नामावली

| क.सं. | पद/श्रेणी/तह | नाम थर | कार्यरत कार्यालय | बुझाउनु पर्ने सम्पत्ति विवरण |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

- आवश्यकतानुसार तालीकामा पङ्क्ति (**Row**) र स्तम्भ (**Column**) हरू थपी विवरण भर्ने।
- बुझाउनु पर्ने सम्पत्ति विवरण भन्नाले "हरेक आ.व.मा पेश गर्नुपर्ने सम्पत्ति विवरण, सुरू नियुक्तिको ६० दिनभित्र पेश गर्नुपर्ने सम्पत्ति विवरण वा सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट ५ हजार जरिमानाको लागि लेखी आएपछि पेश हुने सम्पत्ति विवरण" मध्ये कुन हो, कुनै एक भर्ने।

द्रस्टव्य :- तालिम/अध्ययन विदामा रहेका, निलम्बनमा परेका र आ.ब.२०७९/८० मा अवकाश भएका वा हुने पदाधिकारी र कर्मचारीहरूको समेत अनिवार्यरूपमा सम्पत्ति विवरण भरी भराई केन्द्रको अनलाइन सफ्टवेयरमा प्रविष्टी गर्नु हुन अनुरोध छ ।

(राजेन्द्रप्रसाद आचार्य)
उपसचिव

..........................................................................................................

सम्पत्ति विवरण समय मै बुझाऔं दण्ड जरिवानावाट बचौं ।